If you have any comments on this byelaw, please send at **info@nepalstock.com**

प्रस्तावित

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

# हकप्रद शेयरको निस्सा कारोबार विनियमावली, २०६५

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, (नेप्से)
सिंहदरवार प्लाजा, काठमाण्डौं, नेपाल ।
जेष्ठ, २०६५

# हकप्रद शेयरको निस्सा कारोबार विनियमावली, २०६५

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमावलीको नाम “हकप्रद शेयर निस्सा कारोबार विनियमावली, २०६५” रहने छ ।

(२) यो विनियमावली नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा विनिमय बजारले तोकेको मिति देखि लागु हुनेछ ।

२. **बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा ;**

(क) “धितोपत्र भन्नाले” संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड डिवेन्चर, डिवेन्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शव्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुनसक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद,बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

(ख) “धितोपत्र कारोबार” भन्नाले धितोपत्रको निष्काशन, खरिद, बिक्री वा विनिमय तथा तत्सम्बन्धी अन्य कार्य सम्झनु पर्दछ ।

(ग) “धितोपत्र बजार” भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउंमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(घ) “हकप्रद शेयर निस्सा” भन्नाले बहालवाला शेयरधनीहरुले हकप्रद शेयरमा सहभागी हुन पाउने भनी कम्पनीद्वारा जारी गरिएको शेयर अनुपातमा उल्लिखित निस्सा सम्झनु पर्छ ।

(ङ) “हकप्रद निष्काशन” भन्नाले संगठित संस्थाले निष्काशन गरेको कुनै धितोपत्र साबिकका शेयरवाला वा निजले मनोनयन गरेको कुनै व्यक्तिले खरिद गर्न पाउने गरी राखिएको प्रस्ताव सम्झनु पर्छ ।

(च) “सूचिकरण भन्नाले” धितोपत्र बजार मार्फत धितोपत्रको खरिद, बिक्री वा विनिमय गर्ने प्रयोजनको लागि धितोपत्र बजारमा गरिने हकप्रद शेयरको निस्सा सूचिकरण सम्झनु पर्छ ।

## परिच्छेद-२
## हकप्रद शेयरको निस्सा जारी तथा खरिद, बिक्री

३. **हकप्रद शेयरको निस्सा जारी तथा खरिद, बिक्रीः** (१) कम्पनीले आफ्नो पूँजी बृद्धिका लागि मौजुदा शेयरवालाहरुको हक कायम हुने गरी हकप्रद शेयरको निष्काशन कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (११) बमोजिम कारोबार योग्य गराउनु पर्नेछ ।

(२) हकप्रद शेयर जारी गर्ने सम्बन्धित कम्पनीले यस सम्बन्धी संचालक समितिको निर्णय पश्चात कुल जारी गर्ने शेयर र सो बापतको निस्सा धितोपत्र बोर्डमा दर्ता गराउनु पर्नेछ ।

(३) सम्बन्धित कम्पनीले हकप्रद शेयर जारी गर्ने निर्णयको सूचना सार्वजनिक गरे पश्चात मौजुदा शेयरवालाहरुलाई घोषणा गरिएको अनुपातमा उनीहरुले पाउन सक्ने शेयर संख्या खोलिएको निस्सा कम्तिमा तीन दिन भित्रमा बितरण गर्नु पर्नेछ ।

(४) उपविनियम (३) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि हकप्रद शेयर कारोबार गर्ने अवधि ३५ दिनको हुनेछ र कम्पनीले उक्त शेयरको अवधि बढाएमा स्वतः कारोबार अवधि बढ्नेछ

(५) शेयरधनीहरुले प्राप्त गरेको हकप्रद शेयरको निस्सामा शेयरधनीको नाम, शेयरधनी नं., शेयर संख्या, हकप्रद शेयरको अनुपात, हकप्रद शेयर बापत पाउने शेयरसंख्या, हकप्रद शेयर लिन बुझाउनु पर्ने रकम, अवधि, मिति, आदि खुलाईएको हुनु पर्नेछ ।

(६) उपविनियम (५) बमोजिम प्राप्त निस्सामा उल्लिखित शेयर आफैले खरिद गर्न सक्ने वा अन्य कसैलाई बिक्री गर्न सक्ने प्रावधान समेत उल्लेख गरिएको हुनु पर्नेछ ।

(७) हकप्रद शेयर निस्सा दिंदा सकेसम्म १० शेयर वा सोको गुणाङ्कमा दिनु पर्नेछ ।

(८) कम्पनीले जारी गरेको हकप्रद शेयर निस्सामा उक्त निस्सा विनिमय बजारमा कारोबार हुन सक्ने व्यहोरा खुलाईएको हुनु पर्नेछ ।

(९) कम्पनीले जारी गर्ने हकप्रद शेयरको निस्सा अनुसूची-१ बमोजिमको हुनु पर्नेछ ।

(१०) हकप्रद शेयर निस्साले प्रदान गरेको हक अधिकार प्रयोग गर्ने अवधि सकिएपछि त्यस्तो निस्साको कारोबार हुने छैन ।

(११) हकप्रद शेयर निस्साको कारोबार पैसामा समेत हुन सक्नेछ ।

## परिच्छेद-३

## हकप्रद शेयर निस्सा सूचीकरण तथा कारोबार प्रकृया

४. **हकप्रद शेयर निस्सा सूचीकरण** : मौजुदा शेयरवालाहरुलाई जारी गरेको कारोबार योग्य हकप्रद शेयरको निस्सा दर्ताका लागि कम्पनीले विवरण सहित पेश गरेमा विनिमय बजारले त्यस्तो निस्सालाई अस्थायी सूचीकरण गरी कारोबार योग्य बनाउनेछ ।

५. **खरिद, बिक्री आदेश** : (१) हकप्रद शेयर निस्सा खरिद गर्न चाहने लगानीकर्ताले त्यस्तो निस्सा खरिदको लागि अनुसूची-२ बमोजिमको खरिद आदेश भरी विनिमय बजारमा दर्ता गराउनु पर्नेछ ।

(२) हकप्रद शेयर निस्सा विक्री गर्न चाहने लगानीकर्ताले त्यस्तो निस्सा बिक्रीको लागि अनुसूची -३ बमोजिमको बिक्री आदेश भरी विनिमय बजारमा दर्ता गराउनु पर्नेछ ।

(३) खरिद/बिक्री आदेशमा सदस्य दलालले दर्ता नं., मिति, समय आदि उल्लेख गरी विनिमय बजारमा दर्ता गर्नु पर्नेछ ।

(४) खरिद/बिक्री आदेशमा लगानीकर्ताले कम्पनीको नाम, खरिद, बिक्री संख्या, मूल्य, आदेश बहाल रहने अवधि समेत खुलाउनु पर्नेछ ।

६. **कारोबार प्रकृया** : (१) संस्थापक शेयर बापत प्राप्त हकप्रद शेयर निस्साको कारोबार संस्थापक शेयर कारोबार सरहनै हुनेछ ।

(२) कुनैपनि हकप्रद शेयर निस्सा प्राप्त गर्ने लगानीकर्ताले प्राप्त गरेको निस्सा एकचोटी मात्र बिक्री गर्न सक्नेछ ।

(३) विनिमय बजारमा हकप्रद शेयर निस्सा कारोबारको प्रकृया कम्प्यूटर प्रणालीबाट गरिनेछ ।

(४) सदस्य दलालले कम्प्यूटर प्रणालीमा मूल्य प्रविष्टी गराउंदा आफूले बिक्री गर्न चाहेको न्यूनतम मूल्य र खरिदकर्ताले आफूले तिर्न चाहेको अधिकतम मूल्य प्रविष्टी गराउनु पर्नेछ ।

(५) प्रविष्टी गरेको मूल्य घटाघट बढाबढ प्रकृयाबाट खरिदकर्ताले खरिद गर्ने र बिक्रीकर्ताले बिक्री गर्ने संख्या मिलेमा सो अनुसारको संख्यामा खरिद, बिक्री गर्नु पर्नेछ । विनिमय बजारले यस सम्बन्धमा अन्य प्रणाली (सिष्टम) को बिकास गरेमा सोही प्रकृया अनुसार कारोबार गर्नु पर्नेछ ।

(६) खरिदकर्ता र बिक्रीकर्ता बीच उपविनियम (५) बमोजिमको प्रकृया अनुसार खरिद बिक्रीको सम्बन्धमा जुन मूल्य कायम हुन्छ सोही मूल्यमा अनिवार्य रुपमा कारोबार गर्नु पर्नेछ ।

७. **अलग अलग दलालबाट कारोबार गर्नु पर्ने** : कुनै कम्पनीको एउटै हकप्रद शेयर निस्साको खरिद/बिक्रीको कारोबार अलग अलग दलालबाट गर्नु पर्नेछ ।

८. **अस्थायी सूचीकरण दस्तुर** : हकप्रद शेयर निस्साको कारोबार गर्न वा गराउन चाहने कम्पनीले अनुसूची-४ बमोजिमको सूचीकरण दस्तुर साथ निवेदन दिनु पर्नेछ ।

९. **कारोबार दस्तुर**: हकप्रद शेयर निस्साको खरिद/बिक्रीको कारोबारमा सदस्य दलालले शेयर कारोबार सरह नै कमिशन लिई विनिमय बजारलाई कारोबार दस्तुर र नेपाल धितोपत्र बोर्डलाई कारोबार शुल्क बुझाउनु पर्नेछ ।

१०. **विवरण अनिवार्य रुपमा बुझाउनु पर्ने**: हकप्रद शेयर निस्साको खरिद तथा बिक्रीको कारोबार सम्पन्न भएपछि सोही दिन वा भोलिपल्ट ११:०० बजे सम्म कारोबारको विवरण विनिमय बजारमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-४
## राफसाफ प्रकृया

११. **राफसाफ प्रकृया**: (१) हकप्रद शेयर निस्सा खरिद, बिक्री भए पछि खाली हस्तान्तरण (Blank Transfer) मा राख्न पाईने छैन ।

(२) हकप्रद शेयर निस्साको खरिद/बिक्री हुनुपूर्व खरिदकर्ताले बिक्रेताबाट प्राप्त गरेको अनुसूची-५ बमोजिमको लिखत पेश गरी खरिद/बिक्रीमा तय भएको रकम, विनिमय बजार र धितोपत्र बोर्डलाई बुझाउनु पर्ने दस्तुर र कारोबार शुल्क कारोबार सम्पन्न भएको भोलिपल्ट नै (T+1) बुझाई त्यसको अर्को दिन (T+2) अनुसूची-६ बमोजिमको ढाँचामा सम्बन्धित कम्पनी समक्ष हकप्रद शेयरमा हक कायम गरी दाखिला खारेज गरी पाउन आवेदन दिनु पर्नेछ ।

(३) प्राप्त रकम तथा कागजात भिडेमा विनिमय बजारले कागजात राफसाफ गरी बिक्रेतालाई रकम तथा खरिदकर्तालाई हकप्रद शेयरको निस्सा सहितको आवश्यक कागजात दिनेछ ।

(४) उपविनियम (२) बमोजिम हकप्रद शेयरको निस्सा खरिद गर्न खरिदकर्ताको आवेदन पर्न आएमा सम्बन्धित कम्पनीले जाँचबुझ गरी हकप्रद शेयरको निस्सा खरिद, बिक्री भएको प्रमाणित भएमा त्यस्तो हकप्रद शेयरको निस्सा दरपिठ गरी वा अर्को निस्सा बनाई हकप्रद शेयर खरिदकर्तालाई दिनु पर्नेछ ।

(५) उपविनियम (३) बमोजिमको हकप्रद शेयरको निस्सा बिक्रेताबाट भएको लिखत हकप्रद शेयर खरिदकर्ताले अनिवार्य रुपमा सोही दिन वा भोलिपल्ट कारोबार शुरु हुनु पूर्व सम्बन्धित कम्पनीमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-५
## विविध

**१२. सदस्य दलालहरुले गर्न नहुने कामहरु :** सदस्य दलालहरुले हकप्रद शेयर निस्सा कारोबारको सम्बन्धमा देहायको कामहरु गर्न हुदैन :-

(क) विनिमय बजारको कारोबार पद्धति बाहिर कारोबार गर्न,

(ख) अनावश्यक हल्ला गरी मूल्यमा प्रभाव पार्न,

(ग) कृत्रिम बजारको श्रृजना गर्न,

(घ) लगानीकर्ताहरुको हित प्रतिकूल हुने कार्य गर्न,

(ङ) भित्री खबरको आधारमा कारोबार गर्न,

(च) लगानीकर्ताहरुको हितलाई प्रभावित गर्ने कार्य गर्न,

(छ) नेपाल सरकार, नेपाल सरकारको स्वामित्वमा रहेका निकायहरु, नियमनकारी संस्था, धितोपत्र बोर्ड तथा विनिमय बजारबाट रोक्का भएका शेयरहरुको निस्साको कारोबार गर्न ।

**१३. हक अधिकार नपाउने** : (१) हकप्रद शेयरको निस्सा खरिद गर्ने खरिदकर्ताले यस्तो निस्सा शेयरमा परिणत नभएसम्म कम्पनीले घोषणा गरेको लाभांश वा वोनस शेयर पाउने छैन ।

(२) हकप्रद शेयर निस्सा खरिद गर्ने खरिदकर्ताले कम्पनीको वार्षिक साधारण सभामा भाग लिन तथा आफ्नो मताधिकार दिन पाउने छैन तथा यस्तो निस्सा शेयरमा परिणत नभएसम्म शेयरधनीको अधिकार समेत प्राप्त गर्ने छैन ।

**१४.प्रचलित कानून लागू हुने :** हकप्रद शेयर निस्सा कारोबारको सम्बन्धमा यस विनियमावलीमा उल्लेख भएकोमा यसै विनियमावली बमोजिम र यस विनियमावलीमा उल्लेख नभएका कुराको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

-०-

# अनुसूची - १
## (विनियम ३(९) संग सम्बन्धित)

श्री ...............................
...............................

निस्सा प्रमाणपत्र नं. ......................
हकप्रद शेयर जारी मिति : ....................
निस्साको लागि कागजात बुझाउने अन्तिम मिति : ...................

विषय :हकप्रद शेयरको निस्सा दिएको बारे ।

............................... बस्ने श्री ........................... ले यस कम्पनीको प्रतिशेयर चुक्ता मूल्य रु. ........... को शेयर साधारण सभाको निर्णयानुसार ............. अनुपातमा हकप्रद शेयर निष्काशन गर्न लागेको यो निस्सा दिईएको छ । निजले प्राप्त गर्ने..........कित्ता शेयरको निस्सा क्र.सं. ........................ देखि .............................सम्म हुनेछ ।

यो निस्सामा उल्लिखित शेयर प्राप्त गर्न मिति .................. पश्चात ............ दिन भित्र सम्बन्धित कम्पनीको कार्यालयमा प्रतिशेयर रु. ................ का दरले हुन आउने रु. ............ सहित यो निस्सा पेश गर्नु पर्नेछ ।

यो निस्सा अन्य कुनै व्यक्ति/संस्थालाई विनिमय बजारमा तोकिएको प्रकृया अनुसार खरिद, बिक्री कारोबार गर्न सकिनेछ । तर खरिद बिक्री गरिए तापनि निस्साधारकले अनिवार्य रुपमा मिति ............. मा कम्पनीमा शेयर निष्काशनका लागि पेश गर्नु पर्नेछ । निस्सा पेश नगर्नाले वा ढिलो गरी पेश गर्नाले शेयर निष्काशन नभएमा खरिदकर्ता स्वयं नै जवाफदेही हुनेछ ।

कम्पनी सचिव    कम्पनी प्रवन्ध संचालक    संचालक

प्रमाणपत्र (निस्सा) को पछाडिपट्टी राख्ने

| क्र. सं. | बिक्रेताको नाम | खरिदकर्ताको नाम | शेयर प्र.प.नं. | क्र. सं. | धारण गरेको संख्या | ट्रान्सफर मिति | दस्तखत | खरिद मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची-२
## (विनियम ५(१) संग सम्बन्धित)
## खरिद आदेश

दर्ता नं.:
मिति :
समय :

श्री ................................

.................................

मिति : ..........................

विषय : खरिद आदेश जारी गरी दिने बारे ।

महाशय,

म/हामीलाई ................................ कम्पनीको .................... खरिद गर्ने ईच्छा भएकोले आजका मिति देखि .............. भित्र .............. कित्ता हकप्रद शेयर निस्सा प्रति .......... रु. ..........का दरले खरिद गर्न आवश्यक व्यवस्था मिलाई दिन हुन अनुरोध गर्दछु/छौं ।

भवदीय,

दस्तखत :

नाम, थर :

नागरिकता नं. :

जारी मिति र स्थान :

ठेगाना :

टेलिफोन नं. :

बाबुको नाम, थर :

बाजेको नाम, थर :

## अनुसूची-३
**(विनियम ५(२) संग सम्बन्धित)**
## बिक्री आदेश

दर्ता नं.:
मिति :
समय :

श्री ................................
.................................

मिति : ..........................

विषय : बिक्री आदेश गरी दिने बारे ।

महाशय,

म/हामीलाई ................................ कम्पनीको ..................... बिक्री गर्ने ईच्छा भएकोले आवश्यक कागजात सहित प्रमाणपत्र नं. .............. क्रम संख्या ............. देखि ................. सम्मको हकप्रद शेयर निस्साको ........... कित्ता यसै साथ संलग्न गरी पेश गरेकोछु/छौं । कृपया .......... दिन भित्र प्रति हकप्रद शेयर निस्सा रु. ............का दरले बिक्री गरी दिन हुन अनुरोध गर्दछु/छौं ।

भवदीय,

दस्तखत :
नाम, थर :
नागरिकताको प्र.प.नं. :
जारी मिति तथा जिल्ला :
ठेगाना :
टेलिफोन नं. :
बाबुको नाम, थर :
बाजेको नाम, थर :

# अनुसूची-४
(विनियम ८ संग सम्बन्धित)
## अस्थायी सूचीकरण दस्तुर

| क्र.सं. | जारी निस्साको पूँजी (रुपैया) | दस्तुर |
|---|---|---|
| १ | रु. १,००,००,०००।- सम्म | ०.०४% वा न्यूनतम रु. ४०००।- |
| २ | रु. १,००,००,००१।- देखि रु. ५,००,००,०००।- | ०.०३% वा न्यूनतम रु. ५,०००।- |
| ३ | रु. ५,००,००,००१।- देखि रु. १०,००,००,०००।- | ०.०२% वा न्यूनतम रु. ६,०००।- |
| ४ | रु. १०,००,००,००० भन्दा माथि | ०.०१% वा न्यूनतम रु. ७,०००।- |

# अनुसूची-५
## (विनियम ११(२) संग सम्बन्धित)
**नेपाल धितोपत्र बजार लि.**
**सिंहदरवार प्लाजा, काठमाण्डौ**
(कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (११) संग सम्वन्धित)
**शेयर बिक्रेताले गरी दिने लिखत**

लिखितम .................... बस्ने ..................... आगे कसैको हक नलाग्ने कसैलाई कुनै व्यहोराले केही गरी नदिएको मेरो एकलौटी भोगको र मेरो स्वामित्वको ................... कम्पनीको शेयर कित्ता नं. .......... देखि कित्ता नं.. .............. सम्मको जम्मा शेयर कित्ता थान ...... बापत प्राप्त हुने हकप्रद शेयर ....... प्रति शेयर रु. ...... को दरले बिक्री गरी जम्मा रु. ........... बुझिलिई आजका मितिमा .............. बस्ने तपाई श्री ..................... लाई आजकै मितिदेखि उक्त निस्सा भोगचलन गर्न पाउने गरी यो लिखत गरिदिएँ । उक्त निस्सा कम्पनीमा पठाई सो बापतको शेयर आफ्नो नाममा नामसारी गराई भोग चलन गर्नुहोला । कथंकदाचित उक्त हकप्रद शेयरको निस्सा तपाईको नाममा नामसारी हुन नसके वा कुनै कारणवश कच्चा ठहरे मैले बुझिलिएको रकम प्रचलित कानून बमोजिम घर घराना जायजेथाबाट असुल उपर गरी लिनु होला भनी मेरा मनोमान खुशी राजीसंग सदस्य दलाल नं. ........... मा बसी यो लिखत गरिदिएँ ।
ईति सम्बत् ........ साल ............. महिना .......... गते रोज ........शुभम् ।

बिक्रेताको दस्तखत : ................................
नाम : ................................
बावुको नाम, थर : ..............................
बाजेको नाम, थर : ..............................
ठेगाना : ................................
साक्षीहरु : (१) ..............................
(२) ..............................

औंठाको छाप

| दायाँ | बावाँ |
|---|---|
| | |

# अनुसूची-६
## (विनियम ११(२) संग सम्बन्धित)
**(हकप्रद शेयरको निस्सा दाखिल खारेज गर्न दिने दरखास्त)**

श्री संचालक समिति
...............................
..............................

**विषय : हकप्रद शेयरमा हक कायम गरी दाखिल खारेज गरी पाउँ ।**

त्यस कम्पनीको शेयरवाला श्री ..................... का नाममा दर्ता रहेको त्यस कम्पनीको रु. १००।- दरको चुक्त मूल्य रु. ........ को नं. .................... देखि ..................... नं. सम्मको शेयर बापत प्राप्त हुने हकप्रद शेयर ............. कित्ताको निस्सा आजका मितिमा रु. ........... मा निजले बिक्री गरेको हुंदा निजले आफ्नो हक छाडी म/हामीलाई बिक्री गरी सोको लिखत गरी दिएको र म/हामीले पनि निस्सालाई शेयरमा परिणत गरी त्यसमा हुने नाफा-नोक्सान व्यहोर्न कबुल गरेको हुनाले तत्सम्बन्धी लिखतको एक प्रति निस्सा र सोमा लाग्ने दस्तुर रु. ५।- समेत राखी यो दरखास्त दिन आएको छु/छौं । अतः उक्त निस्सा निजको नामबाट दाखिला खारेज गरी मेरो/हाम्रो नाममा हस्तान्तरण गराई पाउँ ।

**भवदीय,**
हकप्रद शेयरको निस्सा खरिदकर्ताको दस्तखत : ..........................
नाम : ..........................................................................
बाबुको नाम, थर : ...........................................................
बाजेको नाम, थर : ...........................................................
ठेगाना : ब्लक नं. .................. टोल ...............
न.पा./गा.वि.स. ............. वडा नं. .......... जिल्ला ................
अञ्चल : ................. पोब.नं. ............. फोन नं. ...............

(धितोपत्र बजारमा कारोबार भएको हकप्रद शेयरको निष्काशनको निस्साको लागि मात्र)
खरिदकर्ता दलालको
दस्तखत :
नाम :
संकेत नं. :
छाप :